# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ३५ | बुटवल | २०८१ माघ १६, गते बुधबार | नेपाल संवत ११४५ | Wednesday Jan 29, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१


# सामाजिक सञ्जाल विधेयक : ५ वर्ष कैद र १५ लाखसम्म जरिवाना

**विधेयक संघीय संसदका दुवै सदनबाट पारित भई राष्ट्रपतिबाट प्रमाणीकरण गरिएपछि मात्र कानुनका रूपमा लागू हुनेछ। ऐन बनेको ६ महिनाभित्र फेसबुकलगायतका सामाजिक सञ्जाल विभागमा सूचीकरण भइसक्नु पर्ने व्यवस्था विधेयकमा गरिएको छ।**

**लुम्बिनी संवाददाता**

*काठमाडौं*



सरकारले सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित र मर्यादित बनाउन भन्दै ल्याएको नयाँ विधेयकमा कडा सजायसहितको व्यवस्था गरिएको छ।

बेनामी वा छद्मभेषी पहिचान (फेक आइडी) बनाए वा प्रयोग गरे ५ वर्षसम्म कैद वा १५ लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने प्रावधान राखिएको छ।

'बेनामी वा छद्मभेषी (फेक आइडी, पेज, समूह )वा अरूको नामबाट पहिचान सिर्जना गर्ने त्यस्तो बेनामी वा छद्मभेषी पहिचानमार्फत् विषयवस्तु उत्पादन गरी पोस्ट वा शेयर गर्ने अरूको विषयवस्तु शेयर गर्ने, कमेन्ट वा कल गर्ने कार्य गर्नुहुँदैन' प्रस्तावित विधेयकमा उल्लेख छ।

सामाजिक सञ्जालमा कसैले 'डीपफेक भिडियो' अपलोड वा प्रचार गरे २ वर्षसम्म कैद, ३ लाखसम्म जरिवाना वा दुवै सजाय हुने गरी कानुन बन्ने भएको छ।

सरकारले सामाजिक सञ्जाललाई नियमन गर्न सोमबार संसद् सचिवालयमा दर्ता गराएको विधेयकमा यस्तो प्रस्ताव गरिएको हो।

विधेयक संघीय संसदका दुवै सदनबाट पारित भई राष्ट्रपतिबाट प्रमाणीकरण गरिएपछि मात्र कानुनका रूपमा लागू हुनेछ। ऐन बनेको ६ महिनाभित्र फेसबुकलगायतका सामाजिक सञ्जाल विभागमा सूचीकरण भइसक्नु पर्ने व्यवस्था विधेयकमा गरिएको छ।

सामजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले संसद्मा लगेको हो।

आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोग गरी कुनै व्यक्तिको अनुहार, आवाज वा हाउभाउलाई नक्कल वा प्रतिस्थापन गरी गलत सूचना प्रवाह गर्ने, अश्लीलता फैलाउने वा चरित्रहत्या गर्ने कार्य गर्नुलाई 'डीपफेक भिडियो' भनेर परिभाषित गरिएको छ।

यस्तै, सामाजिक सञ्जालमा कसैले 'सेक्सटोर्सन' वा 'एक्सटोर्सन' गरे ३ वर्षसम्म कैद, १५ लाखसम्म जरिवाना वा दुवै सजाय हुने प्रस्ताव गरिएको छ।

कसैको नितान्त व्यक्तिगत तथा निजी तस्वीर, अडियो वा भिडियो सामाजिक सञ्जालको प्रयोग गरी सार्वजनिक गर्ने वा कसैसँग शेयर गर्ने धम्की दिई यौन शोषण, आर्थिक लाभ वा हिंसाका लागि बाध्य पार्ने कार्यलाई 'सेक्सटोर्सन' भनेर परिभाषित गरिएको छ।

त्यसैगरी, कसैले कुनै व्यक्तिलाई सामाजिक सञ्जालको प्रयोग गरी निज वा अरू कसैलाई कुनै क्षति पुऱ्याउने डर/त्रासमा पारी निजबाट बेइमानीपूर्वक आफ्नो वा अरू कसैको लागि कुनै लाभ उठाएमा वा त्यस्तो लाभ उठाउने नियतले कुनै काम गराउने कार्य गरेमा त्यसलाई 'एक्सटोर्सन' भनेर परिभाषित गरिएको छ।

त्यसैगरी, सामाजिक सञ्जालमा कसैले वीभत्स तस्विर वा अडियो/भिडियो पोस्ट वा शेयर गरे ३ महिनासम्म कैद वा ५० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने प्रावधान प्रस्तावित विधेयकमा छ।

त्यसैगरी, कसैले प्लेटफर्ममा व्यक्तिगत वा सामूहिक रुपमा छद्मभेषी, स्थायी वा अस्थायी समूह, पेज वा अन्य कुनै प्रकारको आईडी खोली नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डतामा खलल पुग्ने वा राष्ट्रिय हित प्रतिकूल हुने गरी गलत वा भ्रामक सूचना सम्प्रेषण गर्न नहुने उल्लेख छ।

त्यस्तो कार्य गरेमा प्रचलित कानुनबमोजिम सजाय हुने, तर सोहीबमोजिम र प्रचलित कानुनमा सजाय उल्लेख भएको रहेनछ भने पाँच वर्षसम्म कैद वा १५ लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने विधेयकमा प्रस्ताव गरिएको छ।

कसैले 'साइबर बुलिङ' गरे २ वर्षसम्म कैद वा ३ लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजायको प्रावधान विधेयकमा प्रस्ताव गरिएको छ।

कसैले इन्टरनेट जडान भएको डिजिटल उपकरणको माध्यमबाट सामाजिक सञ्जाल प्रयोग गरी साइबरस्पेसमा गलत वा हानिकारक वाक्य, शब्द, अक्षर, चिह्न, चित्र, तस्विर, स्केच, अडियो, भिडियो संकेत वा सन्देश पठाउने, पोस्ट गर्ने, शेयर गर्ने वा सोही कार्यबाट कसैलाई सताउने, तर्साउने, धम्काउने, लज्जित गराउने, अपमान गर्ने, मानमर्दन गर्ने वा अफवाह फैलाउने गरी आवाजको नक्कल गर्नेजस्ता कार्यलाई 'साइबर बुलिङ' भनेर परिभाषित गरिएको छ।

त्यसैगरी, कसैले 'साइबर स्टकिङ' गरे ३ वर्षसम्म कैद वा ५ लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने विधेयकमा प्रस्ताव गरिएको छ।

कसैले इन्टरनेट प्रविधिको प्रयोग गरी कसैलाई झुट्टा आरोप लगाउने, धम्की दिने, जालसाजी गर्ने, दुर्व्यवहार गर्ने, निगरानी गर्ने, वैयक्तिक गोपनीयता भङ्ग गर्ने, बारम्बार अनावश्यक सन्देश पठाउने, गोप्य जानकारी खुलासा गर्ने वा वैयक्तिक सुरक्षामा खतरा पुऱ्याउने कार्यगरी कसैलाई हैरानी दिएमा 'साइबर स्टकिङ' गरेको सम्झनुपर्छ भनेर परिभाषित गरिएको छ।

त्यसैगरी, कसैको आइडी तथा सूचना 'ह्याक' गरे ३ वर्षसम्म कैद वा १५ लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने प्रस्ताव गरिएको छ।

कसैको कम्प्युटर प्रणाली वा सामाजिक सञ्जालको पासवर्ड वा सिरियल नम्बर बिगारेर त्यस्तो कम्प्युटर प्रणाली वा सामाजिक सञ्जालको गुप्त संकेतका सिरियल नम्बर चोरी गरी कम्युटर प्रणाली वा सामाजिक सञ्जालमा अनधिकृत रुपमा पहुँच गरी तथा भण्डारमा हस्तक्षेप गर्ने कार्यलाई 'ह्याक'को रूपमा परिभाषित गरिएको छ।

त्यसैगरी, कसैले 'फिसिङ' वा 'इम्पोस्टर स्क्याम' गरे ३ वर्षसम्म कैद वा १५ लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने प्रावधान राखिएको छ। विद्युतीय सञ्चार माध्यमबाट कुनै कुरा सत्य हो भन्ने विश्वासमा पारी कुनै व्यक्तिको युजरनेम र पासवर्ड, क्रेडिट कार्ड नम्बर, बैंक एकाउन्ट जस्ता संवेदनशील सूचना प्राप्त गर्ने कार्यलाई 'फिसिङ'को रूपमा विधेयकमा परिभाषित गरिएको छ।

» बाँकी २ पेजमा

## रविको धरौटीबारे कैफियत प्रतिवेदन झिकाउन आदेश




पोखरा। पोखराको सूर्यदर्शन सहकारी ठगी प्रकरणमा उच्च अदालत पोखराले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको जिल्ला अदालत कास्कीबाट भएको आदेशको कैफियत प्रतिवेदन झिकाउने आदेश गरेको छ।

गोर्खा मिडियाका पूर्व प्रवन्ध निर्देशक लामिछानेले ६५ लाख धरौटी माग्ने जिल्लाको आदेशविरुद्ध पुनरावलोकनको माग गर्दै उच्चमा सोमबार निवेदन दर्ता गराएकोमा मंगलबार न्यायाधीश मीलनकुमार राईको इजलासले कैफियत प्रतिवेदन झिकाउने आदेश गरेको हो। गत पुस २५ गते कास्की जिल्ला अदालतका न्यायाधीश नीतिज राइको इजलासले ६५ लाख धरौटीमा छाड्न आदेश दिएको थियो। सामान्य तारेखमा रहेर मुद्दाको पुर्पक्ष गर्न माग गर्दै रवि उच्चमा निवेदन लिएर पुगेका थिए।

कैफियत प्रतिवेदनमा रविलाई लगाइएको मुद्दाको विवरण, आदेश गर्दा अपनाइएको कार्यविधि, आदेश गर्दा आधार मानिएका तथ्य, प्रमाण र कागजातहरूको उल्लेख गरेर जिल्लाले उच्चलाई बुझाउनु पर्नेछ। उच्चको आदेशमा कति दिनभित्र बुझाउने भन्ने उल्लेख नभएको भए पनि सामान्यतया १५ दिनभित्र प्रतिवेदन बुझाउने प्रचलन रहेको उच्च अदालत स्रोतको भनाइ छ।

धरौटीमा छाड्ने जिल्ला अदालतको आदेशविरुद्ध उच्च सरकारी वकिलको कार्यालयले रविलाई थुनामै राखेर अनुसन्धान गर्न माग गर्दै उच्च अदालत पोखरामा निवेदन दर्ता भएको थियो। न्यायाधीश राजुकुमार खतिवडाको इजलासले माघ ९ गते धरौटीमा छाड्नुको कारण पेश गर्न आदेश गरेको थियो।

सरकारी वकिलको कार्यालयको निवेदनमा उच्चले कारण देखाउ आदेश गरेपछि रवि पनि जिल्लाको आदेशमा चित्त नबुझेपछि फौजदारी कार्यविधि संहिताको ७३ नम्बरअनुसार उच्चमा निवेदन लिएर पुगेका हुन्।

रविले ६५ लाख धरौटी माग्ने जिल्लाको आदेश नै त्रुटीपूर्ण रहेको भन्दै सो आदेश बदर गरेर आफूलाई सामान्य तारेखमा मुद्दाको पुर्पक्षको अवसर दिन ७ पेजको निवेदन दर्ता गराएका थिए।

कात्तिक २ गते काठमाडौंबाट पक्राउ गरी पोखरा ल्याइएका रविलाई सूर्यदर्शन सहकारी ठगी प्रकरणमा सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणमा अभियोजन पत्र दर्ता गराइएको थियो। पूर्वगृहमन्त्रीसमेत रहेका लामिछानेमाथि करिब २८ करोडको बिगो माग दाबी गरिएको थियो। पोखराबाट धरौटीमा माग भएसँगै काठमाडौं, बुटवलबाट पनि रविसँग धरौटी माग भएको छ। एकपछि अर्को ठाउँमा धरौटीमा माग भएसँगै उनले उच्च अदालत पोखरामा निवेदन दायर गरेका हुन्।

रवि ६५ लाख धरौटीमा छुटेपछि सूर्यदर्शन सहकारी पीडितले पनि बिगोभन्दा धेरै कम धरौटी मागिएको भन्दै उच्चमा पुनरावेदन गर्न सरकारी वकिलको कार्यालयसँग अनुरोधसमेत गरेका थिए।

पुस २५ गते रविसहित गोर्खा मिडियाका पूर्व उपाध्यक्ष तथा पूर्व डिआइजी छविलाल जोशी ८८ लाख, जीवीको सहयोगी लिला पछाईं ३७ लाख, नेचर हर्ब्सका सञ्चालक रामबहादुर खनाल १५ लाख, संस्थापक कोषाध्यक्ष आरती गुरुङ र संस्थापक उपाध्यक्ष मीना गुरुङ ५/५ लाख, संस्थापक सदस्य कृष्णबहादुर गुरुङलाई १ लाख धरौटीमा छाड्न राइको इजलासले आदेश गरेको थियो।

## विपक्षी दलले साझा धारणा बनाउने



बुटवल। नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले संसद्को हिउँदे अधिवेशन बस्नुअघि विपक्षी दलहरू बैठक बसेर साझा धारणा तय गरिने जानकारी गराएका छन्।

मंगलबार काठमाडौंमा आयोजित समाजवादी मोर्चाको सभालाई सम्बोधन गर्ने क्रममा यस्तो बताएका हुन्।

संसद्को हिउँदे अधिवेशन आगामी १८ गते बस्दैछ। सो बैठकअघि विपक्षी दलहरूको बैठक बसेर सामूहिक ढंगबाट कसरी अघि बढ्ने भन्नेबारे छलफल गरिने बताएका हुन्।

पूर्वप्रधानमन्त्री समेत रहेका अध्यक्ष प्रचण्डले आफूहरूले विशेष अधिवेशन बोलाउने चेतावनी दिएपछि मात्रै सरकारले हिउँदे अधिवेशन आह्वान गरेको दाबी पनि गरे।

'हामीले तुरुन्तै सदन बोलाइँदैन भने हामी विशेष अधिवेशन बोलाउँछौं भनेपछि मात्रै सरकारले सदन बोलाएको छ। हामी पर्सि १८ गतेको सदन बस्नुभन्दा अगाडि विपक्षी दलहरूको पनि बैठक बसेर सामूहिक ढंगले कसरी प्रस्तुत हुने ? सरकारले पछिल्लो ६ महिनामा गरेका जनविरोधी क्रियाकलापहरू,' प्रचण्डले भने-'राष्ट्रविरोधी क्रियापकलाहरू, देशमा आर्थिक संकट झन चर्काउनका लागि अरबौं अरब ऋण बढाउने जो काम गरेको छ, आफ्ना जतिसुकै अपराध गरेका भए पनि तुरुन्तै चोख्याउने र राजनीतिक विरोधीलाई प्रतिशोध साँध्ने जो काम गरेको छ, विपक्षी दलहरूलाई पनि सामूहिक रुपमा अगाडि बढाउने कोसिस पनि गरेका छौं।'

## बुटवलमा फोहोर टिप्ने प्रतियोगिता, ५५ हजार पुरस्कार



बुटवल। बुटवलमा फोहोर टिप्ने प्रतियोगिता आयोजना गरिएको छ। सरसफाइ र वातावरणीय जागरूकता फैलाउने उद्देश्यले क्लोथ एण्ड फुड बैंक नेपालको आयोजनामा माघ १९ गते प्रतियोगिता आयोजना हुन लागेको हो।

एक घण्टाभित्र ६ किलोमिटर क्षेत्रमा जसले धेरै नकुहिने फोहोर संकलन गरी ल्याउँछ उही विजेता हुने मंगलबार आयोजित पत्रकार सम्मेलनमा कार्यक्रम संयोजक लक्ष्मण श्रेष्ठले बताए।

दौडमा एकजनाले फोहोर टिप्ने र अर्को एकजनाले बोक्ने गरी २ जनाको समूहका बिच प्रतिस्पर्धा गराई सबैसन्दा धेरै फोहोर जम्मा गरेका आधारमा पुरस्कृत गरिने उनले बताए। दौडमा १६ वर्षमाथिको उमेरका जो सुकैले २ जनाको टिम बनाएर सहभागी हुन सक्ने उनले बताए।

प्रतियोगतामा पहिलो स्थान प्राप्त गर्नेले ५५ हजार, दोस्रोले ३० हजार र तेस्रोले १५ हजार नगद पुरस्कार प्राप्त गर्ने क्लोथ एण्ड फुड बैंक नेपालका अध्यक्ष कमल जिसीले जानकारी दिए। 'नगरलाई सफा राख्न फोहोर व्यवस्थापन र वातावरण संरक्षणमा जागरण ल्याउन यो खाले प्रतियोगिता आयोजना गरेका हौं,'-अध्यक्ष जीसीले भने-'निकट भविष्यमा यो प्रतियोगितालाई देशव्यापी बनाउने लक्ष्य छ।'

जीसीले निकट भविष्यमा बुटवलमा प्रदेशस्तरको मिडिया अवार्ड कार्यक्रम सञ्चालन गर्न लागेको समेत जानकारी गराए। कार्यक्रमले समुदायलाई र स्वच्छता र फोहोर व्यवस्थापनप्रति सचेत बनाउने आशा लिइएको आयोजक संस्थाका राजीव गौतमले बताए।




२०८१ माघ १६, गते बुधबार
Wednesday Jan. 29, 2024

दैनिक लुम्बिनी

## सम्पादकीय

# बुटवलमा झुम्साको खानेपानी कहिले ?

बुटवलमा खानेपानी समस्या समाधान गर्न झुम्सा खानेपानी आयोजना शिलान्यास भएको डेढ दशक नाघ्यो । दुई वर्षयता पटक-पटक धारामा पानी खस्ने समय सीमा पनि निर्धारण हुँदै आएको छ । अहिले पनि खानेपानी आयोजना छिट्टै पूरा हुन्छ भन्न छाड्दैनन् खानेपानी संस्थानका अधिकारीहरु । तर कहिले बन्छ भन्ने टुंगो छैन ।

देश किन बनेन् ? अहिले भइरहेको बहस यही विषयमा हो । विकास आयोजना सुरु भएपछि तोकिएकै समयसीमामा पूरा हुने विश्वास जाग्न सकेको छैन । २०६६ असारमा शिलान्यास गर्ने बेला तीन वर्षभित्र झुम्सा खानेपानी आयोजना सम्पन्न हुने घोषणा गरिएको थियो । यो घोषणा गरेको १५ वर्ष बित्दा समेत सम्पन्न हुने समयसीमाको विश्वास छैन । आयोजनाका अधिकारीहरु भौतिक प्रगति ९४ प्रतिशत र वित्तीय प्रगति ६३ प्रतिशत भएको जानकारी दिन्छन् । अहिलेसम्म ड्याम निर्माणको काम सम्पन्न भएको छ । पाइपलाइन विस्तारका लागि १४ करोड २४ लाखमा ठेक्का सम्झौता भएको छ । ठेक्का सम्झौताअनुसार निर्माण कम्पनीले तिनाउ गाउँपालिका वडा नम्बर ३ र ४ को संगमस्थल झुम्साबाट बुटवलको वडा नम्बर ३ रामफेदीसम्म पाइपलाइन विस्तार गर्दैछ ।

मुहानदेखि केही तल र रामफेदीमा बनाउनुपर्ने ट्याङ्कीको सुरसार नै छैन । मुहान क्षेत्रमा बनाउनुपर्ने जग्गाको व्यवस्थापन हुन सकेको छैन । स्थानीय बासिन्दासँग पटक-पटक असमझदारी चुलिंदा आयोजनाको निर्माण काम प्रभावित भएको छ नै, त्योभन्दा महत्वपूर्ण आयोजना तोकिएको समयसीमामा पूरा गर्ने हाम्रो व्यवस्थापकीय क्षमता विस्तार हुन नसकेको यो एउटा उदाहरण हो । एउटा मध्यम खालको खानेपानी आयोजनाको यस्तो दुदर्शा छ भने मुलुकमा अरु के हुन्छ भन्ने समाजमा स्थापित मनोविज्ञानलाई तोड्न अब छिटो यो आयोजना सम्पन्न गर्न सम्बद्ध निकायको ध्यान जानुपर्छ ।

बुटवलमा ३ करोड लिटर खानेपानीको माग छ । तिनाउ नदीबाट पम्पिङ गरेर दैनिक ९० लाख लिटर र अन्य स्रोतबाट १ करोड ९० लाख लिटर खानेपानी वितरण गर्दै आएको छ । झुम्सा खानेपानी आयोजना पूरा भए बुटवलवासीलाई पर्याप्त खानेपानी वितरण गर्न संभव छ । बिजुलीको प्रयोग गरी पम्पिङ गर्नुपर्ने बाध्यता पनि हट्ने निश्चित छ ।

# नेपालमा स्वास्थ्यकर्मीको योग्यता र पानको सुस्तता





**अमृत भुसाल(पीयूष)**

२०३६ सालमा स्थापित पारामेडिकल एसोसिएसन अफ नेपाल एउटा ठूलो इतिहास हो । जसले नेपालको स्वास्थ्य क्षेत्रलाई आधुनिकीकरण गर्न र हाम्रो जस्तो विकासोन्मुख राष्ट्रमा स्वास्थ्य सेवा गाउँ-गाउँ पुराउन र आम-जनतालाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न महत्वपूर्ण भूमिका खेलिरहेको छ । त्यतिबेला निश्चित संख्यामा स्वास्थ्यकर्मीहरु थिए र निश्चित तालिमको व्यवस्था गरेर ग्रामीण क्षेत्रमा सेवाको लागि पुऱ्याउनु र सेवा बिस्तार गर्नु नै पहिलो प्राथमिकता बन्दथ्ओ । अहिले जस्तो चिकित्सकहरु उत्पादन गर्छु र विशेषज्ञ उपचार प्रदान गर्छु भन्ने राज्यले सोच्न पनि सक्ने थिएन । त्यसैले अहिले पनि नेपालको स्वास्थ्यमा चिकित्सकको पउँच पुगे पनि अधिकांश स्थानमा स्वास्थ्यकर्मी नै फ्रन्ट लाइनमा आउने गर्दछन् ।

म आफैं पनि मुख स्वास्थ्यको विद्यार्थी भए पनि घरमा कोही बिरामी भएको खण्डमा नजिकैको मेडिकल पुगेर सल्लाह गर्दछु । मैले मात्र होइन होला यो कुरा प्रायःले त्यही नै गर्नु हुन्छ होला ।

पहिला BBS डाक्टर भन्ने बित्तिकै हामीले भग्वान जस्तै गर्थेउँ । उहाँले सबै कुरा जान्नु भएको छ भनेर हामीले बुझ्ने गर्दथेउँ । हुन पनि त्यतिबेला BBS भनेको स्वास्थ्यमा धेरै ठूलो कुरा थियो । किनभने विशेषज्ञ खोज्न हामी काठमाडौं वा नेपालका केही निश्चित शहरहरुमा मात्र केही निश्चित डाक्टरहरु भेट्न सक्थेउँ । त्यो त्यतिबेला त्यही थियो । हरेक कुरा स्विकार्नु पर्छ । आज अलिकती मुटु दुखोस हामी फिजिसियनसँग जाँदैनौ । हामी सुपर-स्पेसिलिस्ट (DM) त्यहीमाथि पनि को राम्रो छ भनेर जान्छौं । त्यतिमात्र होइन दाँत निकाल्नु पर्यो भने ओरल सर्जन कहाँ हुनुहुन्छ भनेर सोधेर मात्र जानथाल्यौ । डेन्टल सर्जनसँग अहिले मुख स्वास्थ्य बुझेको व्यक्तिले निकाल्न खोज्दैन । यो सामाजिक र विकसित समाजको एउटा उदाहरण हो । यसलाई तपाईं हामी स्वीकार्नु पर्छ ।

मलाई थाहा भएअनुसार २०३६ सालमा चिकित्सक बाहेकका स्वास्थ्यकर्मी कि त तालिम लिएका कि त २ वर्षभन्दा कम अध्ययन गरेका व्यक्तिहरु धेरै थिए । जसलाई हामीले पारामेडिक्स भनियो । यो सही पनि हो । तर आज ४५ वर्षपछि फर्केर हेर्दा त्यो अवस्था छैन । ल्ज्एत्रः मा पनि PHD गरेका MASTER गरेका विज्ञहरु दर्ता लाइसेन्स लिएका छन् । स्मरण रहोस् ०५५/०५६ साल तिर पनि २/४ महिना औषधि बेच्ने तालिम ओरिन्टेसन दिएर जनशक्ति उत्पानद गर्ने गरिन्थ्ओ । जसले औषधि बेच्ने अधिकार पाउँन्थ्ओ । अहिले फार्मेसी साइन्समा पनि DOCTORS OF pharmacy उत्पादन हुन्छ । नर्सहरु हिजोका नर्स होइन, अहिले phD master गरेका हुनुहुन्छ । हामी चुरो कुरो तिर जाउ... पारामेडिक्स भन्नूको अर्थ भनेको अरुसँग निर्भर्ता रहेर सेवा गर्ने जनशक्ति बुझाउँछ । हामीले त्यो कुरा अब कसरी स्विकार्ने ? योबारे पान नेतृत्वले कसरी सोंचेको छ भन्ने कुरा हो । आज medical science मा Mo को under मा mpt बस्नु आवश्यकता नै छैन, बस्नु परे अर्थोपेडिक्ससँग बस्ला । माइक्रोबायोलोजिस्ट M/O को अन्डरमा बस्नु आवश्यक छैन । प्याथोलोजिस्टसँग बस्ला । यसरी धेरै विषयहरुमा हामीसँग धेरै विज्ञ छन् । यस्ता विषयले हाम्रो स्वास्थ्य क्षेत्रमा केही विकृती पैदा पनि गरेको छ । कुनै संस्थामा चिकित्सक आफूलाई सुपेरियर ठान्दा स्वास्थ्यकर्मीलाई हातपात भएको छ । भने कति ठाउँमा चिकित्सकले सिरियस नलिंदा स्वास्थ्यकर्मी माथि दोस आउने गरेको छ ।

यो यस्ता याबत कुरा मात्र होइन NHPC भित्र पनि अबको के गर्ने भन्ने पनि सोच्नु आवश्यक छ । त्यसैले हामीले पारामेडिकल एसोसिएसन अफ नेपाल होइन यसलाई कुन कानुनबाट परिमार्जन गर्न सकिन्छ, यसलाई मेडिकल साइन्स अफ नेपाल वा कुनै वैज्ञानिक नाम दिनु जरुरी छ । त्यसैले अबको अर्को बहस भने नामको विषय पनि हुन सक्छ । कामका विषयमा हुन सक्छ । र योग्यताको विषयमा हुन सक्छ । निजीमा तलब स्केलको कुरा गरौं । निजीमा स्वास्थ्यकर्मीको अवस्था दयनीय छ भनेर भनेको थिए । त्यो कुराको कुनै महत्व भएन । मैले त्यतिबेला ग्रेड, सरुवा बढुवाको कुरा गरेको भए सबै को प्यारो हुने थिए । तर मैले संस्थालाई कोठे र टिके बनाउनुभन्दा माथि गएर सोंचे । तर हाम्रो लक्ष्य कोठे र टिके बनाएर पद देखाउने र रस लिइरहने देखे । रस धेरै होइन कहिले थोपा झर्छ र चाट्ने जस्तो । हामी योग्यता पुगेका र स्वास्थ्यमा गुणस्तरीय वैज्ञानिक रुपम सोंच्ने स्वास्थ्यकर्मी एक हुनु आवश्यक छ । आउनुहोस् यसलाई बहसको विषय बनाएर अघि बढौं ।

***(लेखक भुसाल पानका केन्द्रीय सचिव हुन भने नेपालमा मुख स्वास्थ्य अभियान्ताको रुपमा चिनिन्छन् ।)***

# लुम्बिनी बोर्डिङमा खेल महोत्सव




बुटवल । बुटवल ३ चिडियाखोलामा रहेको लुम्बिनी बोर्डिङ स्कुलमा खेल महोत्सव २०८१ शुभारम्भ भएको छ । विद्यालयको वार्षिक कार्यतालिकानुसार खेल सप्ताह भएको हो ।

उद्घाटनका दिन कक्षा ६ देखि ९ सम्म भलिबल, टेबल टेनिस, टक अफ वार र ब्याडमिन्टन जस्ता कार्यक्रमहरू सम्पन्न भएका छन् भने कक्षा १ देखि ५ सम्म म्युजिकल चेयर्स, स्वीट रेस र १०० मिटर दौड सम्पन्न भएका छन् ।

यसैगरी पूर्व प्राथमिक कक्षाहरूमा स्वीट रेस, तातो आलु र स्पुन रेस खेलहरू सम्पन्न भएका छन् । सबै खेलका सबै विजेता विद्यार्थीहरूलाई सोही पदक र प्रमाणपत्र दिन प्रदान गरिएको थियो ।

दोस्रो दिन माघ १६ गते सिनियरतर्फका क्रिकेट, फुटबल, एथलेटिक जस्ता खेलहरू बुटवल बहुमुखी क्याम्पसको खेलमैदान र जुनियरतर्फका खेलहरू विद्यालय प्राङ्गणमा हुने जानकारी अतिरिक्त क्रियाकलाप प्रमुख माधव भट्टराईले दिए ।

**सामाजिक...**

त्यसैगरी, अरू कसैबाट पैसा वा व्यक्तिगत विवरण चोर्ने उद्देश्यले फोन वा इमेल वा विद्युतीय उपकरण वा प्रणालीद्वारा आफू चिनजान भएको वा विश्वास गर्न योग्य व्यक्ति भएको भन्ने विश्वासमा पारी उपहार वा पुरस्कार पठाउन व्यक्तिगत पासवर्ड र संवेदनशील जानकारी लिएर पछि कुनै रकम माग गर्ने कार्यलाई 'इम्पोस्टर स्क्याम' भनेर परिभाषित गरिएको छ ।

कसैले सामाजिक सञ्जालको प्रयोग गरी प्रचलित कानुनबमोजिम कसूर हुने कार्य गरेमा वा त्यस्तो कसूर गर्न दुरुत्साहन गरेमा प्रचलित कानुनबमोजिम हुने सजायमा एक वर्षसम्म थप कैद सजाय हुने प्रावधान पनि राखिएको छ ।

उक्त ऐनबमोजिमको कुनै कसूर एकपटकभन्दा बढी गर्ने कसूरवारलाई पटकैपिच्छे त्यस्तो कसूरमा हुने सजायको दोब्बर सजाय हुने समेत उल्लेख छ ।

सार्वजनिक पद धारण गरेको वा राज्य कोषबाट सुविधा लिएको कुनै व्यक्तिले यस ऐनबमोजिम कसूर हुने काम गरेमा त्यस्तो कसूरदारलाई उक्त ऐनबमोजिम हुने सजायमा ५० प्रतिशतसम्म थप सजाय हुने प्रावधान राखिएको छ ।

कसैले बालबालिकाको प्रयोग गरी उक्त ऐनबमोजिमको कसूर हुने कार्य गरेमा एक वर्षसम्म थप कैद सजाय हुने व्यवस्था गरिएको छ । त्यसैगरी, अन्य विभिन्न कसूर गरेमा पनि कैद सजाय र जरिवानाको प्रावधान राखिएको छ ।

सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्नका लागि कम्पनी, फर्म वा संस्थाले यस ऐनबमोजिम प्लेटफर्म सञ्चालन गर्न अनुमतिपत्र लिनुपर्ने प्रावधान राखिएको छ । ऐनबमोजिम अनुमतिपत्र प्राप्त नगरेको वा अनुमतिपत्र रद्द भएको प्लेटफर्मलाई नेपालभित्र सञ्चालनमा रोक लगाइने गरी विधेयक प्रस्ताव गरिएको छ ।

अनुमतिपत्र नलिई कसैले सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गरेको पाइए सञ्चालन गर्ने वा गराउने व्यक्तिलाई २५ लाख रुपैयाँसम्म जरिवानाको प्रावधान राखिएको छ ।

सामाजिक सञ्जालको दुरुपयोग रोकी प्लेटफर्म सञ्चालन र प्रयोगलाई व्यवस्थित गर्न नेपाल प्रहरी, नेपाल दूरसञ्चार प्राधिकरण, प्रेस काउन्सिल, सूचना तथा प्रसारण विभाग, विज्ञापन बोर्ड तथा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अन्य निकाय रहने विधेयकमा उल्लेख छ ।

विधेयक संघीय संसदका दुवै सदनबाट पारित भई राष्ट्रपतिबाट प्रमाणीकरण गरिएपछि मात्र कानुनका रूपमा लागू हुनेछ ।

# महिना अनुसार शिशुको औसत वजन कति हुनु पर्दछ ?

विश्व स्वास्थ्य संगठन अनुसार, बालबालिका विभिन्न गतिमा विकास गर्दै जान्छन्, तर पूर्णकालिक (समय पुगेर जन्मिएका) पुरुष शिशु जन्मिदाको औसत जन्म वजन ३.३ किलोग्राम र महिला शिशुको ३.२ किलोग्राम हुन्छ । विकास चार्टहरूले शिशुको औसत वजनको मार्गदर्शन दिन सक्छ ।

पहिले, यो ध्यान दिनु महत्त्वपूर्ण छ कि औसत वजन भनेको सामान्य वजन होइन । ठ्याक्कै वयस्कहरूको जस्तै, शिशुहरू विभिन्न आकार र प्रकारमा हुन्छन् ।

यदि शिशुको वजन न्यूनतम प्रतिशतमा छ भने, यसले शिशुको विकास वा शारीरिक विकाससँग समस्या छ नै भनेर जनाउँदैन । यसलाई ध्यानमा राख्दै, वजन चार्टको प्रयोगले एक व्यक्तिलाई सामान्य रूपमा शिशुको विकास ट्र्याक गर्न मद्दत पुऱ्याउँछ ।

३७ देखि ४० हप्ता जन्मेका शिशुको औसत वजन ५ पाउन्ड ८ औंस देखि ८ पाउन्ड १३ औंसको बीचमा हुन्छ । यसलाई २.५ देखि ४ किलोग्रामको बराबरीमा लिइन्छ ।

प्रसवको समयमा, विशेषज्ञहरूले ५ पाउन्ड ८ औंस भन्दा कम, वा २.५ किलोग्राम भन्दा कमलाई न्युन जन्म वजनका रुपमा लिन्छन् ।

**के-के कुरा सामान्य हुन् ?**

शिशुहरूले प्रायः आफ्नो जीवनको पहिलो ६ महिनामा सबैभन्दा छिटो वजन बढाउँछन् ।

शिशुले जन्मको पहिलो हप्तामा लगभग १० प्रतिशत वजन गुमाउनु सामान्य हो । यो घट्ने प्रक्रिया प्रायः फ्लुड लसका कारणले हुन्छ र सामान्य रूपमा चिन्ता गर्नु आवश्यक छैन । अधिकांश शिशुको यो वजन १ हप्ताभित्र फिर्ता हुन्छ ।

सामान्यतया, स्तनपान गरिएका शिशुहरूको वजन पहिलो वर्षमा फार्मुला खुवाइएका शिशुहरूभन्दा ढिलो बढ्छ ।

यद्यपि विभिन्न शिशुअनुसार यसमा भिन्नता आउन सक्छ, तर सामान्यता शिशुहरूको ४ महिनामा आफ्नो जन्म वजन दोब्बर हुन्छ र प्रायः आफ्नो पहिलो जन्मदिनमा जन्म वजन तीन गुणाले बढ्दछ ।

यद्यपि, वृद्धि ढाँचाले कुनै स्पष्ट तालिका पालना गर्दैन । कसैका शिशुहरूको वजन स्थिर रूपमा बढ्छ र केही महिना समान प्रतिशतमा रहन्छ भने कसैको शिशुको वजन छिट्टै बढ्दछ र वृद्धिको सङ्केत दिन्छ, जुन कुनै पनि समयमा हुन सक्छ । यसले बच्चालाई नयाँ वजन प्रतिशतमा सार्न सक्छ ।

**के १० पाउन्डको शिशु ठूलो हो ?**

विश्व स्वास्थ्य संगठनका अनुसार, पूर्णकालिक पुरुष शिशुको औसत जन्म वजन ७ पाउन्ड ६ औंस र पूर्णकालिक महिला शिशुको ७ पाउन्ड २ औंस हुन्छ ।

त्यसकारण, १० पाउन्डको शिशु औसत वजनभन्दा ठूलो हो ।

शिशुले कहिले आफ्नो जन्म वजन दोब्बर गर्नु पदर्छ ?

सामान्यतया, शिशुले आफ्नो जन्मको प्रारम्भिक वजन ६ महिनामा दोब्बर गर्दछन् । उनीहरूले प्रायः १२ महिनामा जन्म वजनको तीन गुणा तौल गर्छन् ।

शिशुको वजनलाई के कुराले प्रभावित गर्छ ?

**लिंग**

पुरुष नवजात शिशुहरू महिला नवजात शिशुहरू भन्दा ठूलो हुन्छन् र सामान्यतया पुरुष नवजात शिशुहरूको वजन चाँडो बढ्छ ।

**पोषण**

तौल बढ्ने र वृद्धि दर पनि बच्चाले आमाको दुध वा फर्मुला खान्छ भन्नेमा भर पर्छ ।

स्तनपान गरिएका शिशुहरू, फार्मुला खुवाइएका शिशुहरू भन्दा ढिलो बढ्छन् ।

तर, वृद्धि सामान्यतया स्तनपान र फर्मुलामा आधारित पोषण खुवाइएका शिशुहरूको समान हुन्छ ।

शिशुले अन्य खाना खान सुरु गरेपछि पनि वजनमा उतार-चढाव आउन सक्छ ।

**चिकित्सकीय अवस्थाहरू**

स्वास्थ्यका समस्याहरूले शिशुहरुको वजन बढ्न ढिलो गराउन सक्छ । उदाहरणका लागि, जन्मजात मुटु असामान्यताहरू भएका शिशुहरूको, स्वास्थ्य समस्याहरू नभएका शिशुहरूभन्दा ढिलो वजन बढ्न सक्छ । पोषण अवशोषण वा पाचनमा असर पुऱ्याउने स्वास्थ्य समस्याहरू जस्तै सेलियाक रोगले पनि वजन बढ्न ढिलो बनाउन सक्छ ।

**अल्पकालिक**

समय नपुगेर जन्मिएका शिशुहरू आफ्नो पहिलो वर्षमा समय पुगेर जन्मिएका शिशुहरूभन्दा चाँडो बढ्न सक्छन् ।

तर, धेरै अल्पकालिक शिशुहरूले चाँडो वजन बढाए तापनि लगभग पहिलो जन्मदिनमा पूर्णकालिक शिशुहरुसँगै 'समान' हुन्छन् ।

-विभिन्न अध्ययन र लेखहरुको सहयोगमा

# उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लि.

# Unnati Sanakarya Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था
दर्ता नं. : ११८१५२/२०७०/०७१

Central Office : Si.Na.Pa. –12, Rupandehi, Nepal Phone No. 071-571126, 571127

## Unaudited Condensed Statement of Financial Position (As per NFRS)

As on Quarter Ended 29th Poush 2081

| Particulars | The Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| **Assets** | | |
| Cash & cash equivalents | 120,175,651.53 | 136,809,985.82 |
| Statutory balances and due from Nepal Rastra Bank | 21,090,000.00 | 81,090,000.00 |
| Placement with Bank & Financial Institutions | - | 40,000,000.00 |
| Derivative Financial Institutions | - | - |
| Other Trading Assets | - | - |
| Loans and Advances to MFIs & Cooperatives | - | - |
| Loan & Advances to Customers | 3,637,369,005.36 | 3,572,028,234.92 |
| Investment Securities | 1,000,000.00 | 1,000,000.00 |
| Current Tax Assets | 8,341,246.49 | 11,076,912.94 |
| Investment Property | - | - |
| Property and Equipment | 47,963,197.56 | 35,081,697.57 |
| Goodwill and Intangible Assets | - | - |
| Deferred Tax Assets | 11,592,826.49 | 11,592,826.49 |
| Other Assets | 97,907,410.64 | 6,561,764.36 |
| **Total Assets** | **3,945,439,338.07** | **3,895,241,422.10** |
| **Liabilities** | | |
| Due to Bank and Financial Institutions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instruments | - | - |
| Deposits from Customers | 1,137,650,911.07 | 1,096,507,958.69 |
| Borrowings | 2,296,291,168.79 | 2,386,393,148.73 |
| Current Tax Liabilities | - | - |
| Provisions | - | - |
| Deferred Tax Liabilities | - | |
| Other Liabilities | 182,252,593.53 | 89,478,871.72 |
| Debt Securities Issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **3,616,194,673.39** | **3,572,379,979.14** |
| **Equity** | | |
| Share Capital | 246,865,736.29 | 246,865,736.29 |
| Share Premium | - | - |
| Retained Earnings | (17,727,655.78) | (22,706,568.72) |
| Reserves | 100,106,584.17 | 98,702,275.39 |
| **Total Equity** | **329,244,664.68** | **322,861,442.96** |
| **Total Liabilities and Equity** | **3,945,439,338.07** | **3,895,241,422.10** |

## Condensed Statement of Profit and Loss

For the Quarter Ended of 29th Poush 2081

Nrs.

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Interest Income | 131,127,970.41 | 260,354,993.28 | 125,852,193.87 | 251,251,593.63 |
| Interest Expense | 67,309,749.90 | 143,091,408.47 | 83,050,050.11 | 170,588,196.99 |
| **Net Interest Income** | **63,818,220.51** | **117,263,584.81** | **42,802,143.76** | **80,663,396.64** |
| Fee and Commission Income | 9,444,590.66 | 17,006,357.07 | 13,240,036.40 | 24,960,520.98 |
| Fee and Commission Expense | | | | - |
| **Net Fee and Commission Income** | **9,444,590.66** | **17,006,357.07** | **13,240,036.40** | **24,960,520.98** |
| Net Interest, Fee and Commisson Income | 73,262,811.17 | 134,269,941.88 | 56,042,180.16 | 105,623,917.62 |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | | - | - | - |
| **Total Operating Income** | **73,262,811.17** | **134,269,941.88** | **56,042,180.16** | **105,623,917.62** |
| Impairment Charge/(Reversal) for Loans and Other Losses | 21,537,573.01 | 29,842,435.70 | 2,848,098.22 | 4,915,280.61 |
| **Net Operating Income** | **51,725,238.16** | **104,427,506.18** | **53,194,081.94** | **100,708,637.01** |
| **Operating Expenses** | **45,890,545.50** | **95,308,618.02** | **52,852,193.25** | **97,145,838.29** |
| Personnel Expenses | 29,409,111.50 | 68,051,808.70 | 39,993,111.24 | 71,165,192.14 |
| Other Operating Expenses | 16,481,434.00 | 27,256,809.32 | 12,859,082.01 | 25,980,646.15 |
| Depreciation & Amortisation | - | - | - | - |
| **Operating Profit** | **5,834,692.66** | **9,118,888.16** | **341,888.69** | **3,562,798.72** |
| Non Operating Income | - | - | - | - |
| Non Operating Expenses | | | | - |
| **Profit before Income Tax** | **5,834,692.66** | **9,118,888.16** | **341,888.69** | **3,562,798.72** |
| Income Tax Expenses | - | - | - | - |
| Current Tax | 1,750,407.80 | 2,735,666.45 | 102,566.61 | 1,068,839.62 |
| Deferred Tax | - | - | - | - |
| **Profit for the Period** | **4,084,284.86** | **6,383,221.71** | **239,322.08** | **2,493,959.10** |
| **Condensed Statement of Comprehensive Income** | **-** | **-** | **-** | **-** |
| Profit for the Period | 4,084,284.86 | 6,383,221.71 | 239,322.08 | 2,493,959.11 |
| Other Comprehensive Income | - | - | - | - |
| **Total Comprehensive Income** | **4,084,284.86** | **6,383,221.71** | **239,322.08** | **2,493,959.11** |
| Basic Earning per share (Annualized) | 6.62 | 5.17 | 0.39 | 2.02 |
| Diluted Earning per share (Annualized) | 6.62 | 5.17 | 0.39 | 2.02 |
| **Profit for the Period** | **4,084,284.86** | **6,383,221.71** | **239,322.08** | **2,493,959.11** |
| **Total** | **4,084,284.86** | **6,383,221.71** | **239,322.08** | **2,493,959.11** |

## Ratios as Per NRB Directives

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Capital Fund to RWA | 8.08% | 8.08% | 8.45% | 8.45% |
| Non-Performing Loan (NPL) to Total Loan | 4.83% | 4.83% | 5.74% | 5.74% |
| Total Loan Loss Provision to Total NPL | 47.27% | 47.27% | 34.68% | 34.68% |
| Cost of Funds | 8.28% | 8.28% | 10.12% | 10.12% |
| Credit to Deposit and Borrowing Ratio | 105.92% | 105.92% | 101% | 101% |
| Base Rate | 13.84% | 13.84% | 15.55% | 15.55% |
| Interest Rate Spread | 5.89% | 5.89% | 4.31% | 4.31% |

**Interest rate**

| | |
|---|---|
| Deposit | 7.5%-8.5% |
| Loan & Advance | 8%-15% |

## Details about the Distributable Profit for the Quarter

| Particulars | Nrs. |
|---|---|
| Net Profit for the period end of the Quarter | 6,383,221.71 |
| 1. Appropriations | |
| 1.1 Profit required to be appropriated to: | 1,404,308.78 |
| a. General Reserve | 1,276,644.34 |
| b. Capital Redemption Reserve | - |
| c. Foreign Exchange Fluctuation Fund | - |
| d. Corporate Social Responsibility | 63,832.22 |
| e. Employee Training Fund | - |
| f. Client Protection Fund | 63,832.22 |
| g. Staff Welfare Fund | - |
| h. Other | - |
| 1.2 Profit required to be transferred to Regulatory Reserve: | - |
| a. Transfer to Regulatory Reserve | - |
| b. Transfer from Regulatory Reserve | - |
| 2. Profit not eligible for distribution | - |
| **Net Profit for the period end available for distribution** | **4,978,912.94** |

The above Financial Statements have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) and certain carve-outs issued by the Institute of Chartered Accountants of Nepal (ICAN).

The Loans and Advance includes interest receivable & Staff Loans and are presented net of impairment loss.

Adjustment of Employee Benefits shall be done after receiving Actuarial Valuation report.

Previous period figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation and comparison

The above figures are subject to change as per the direction of Regulators and/or External Auditors.

Adjustment related to NFRS has been transferred to the Regulatory Reserve.

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनूसुची १४ ( नियम २६ को उपनियम(१) संग सम्बन्धित )

## आ.व. २०८१/८२को दोस्रो त्रैमासिक प्रतिवेदन

**१.वित्तीय विवरण :**

(क) वित्तीय संस्थाको आ.व.२०८१/८२ को दोस्रो त्रैमासिक अबधिको वासलात र नाफा-नोक्सान हिसाब सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ र यस वित्तीय संस्थाको वेभसाइट : www.unnatislbs.com.np मा पनि राखिएको छ।

**(ख)प्रमुख वित्तीय अनुपातहरु :**

| प्रति शेयर आम्दानी | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ५.१७ | २९०.०६ | १३३.३७ | १५९८.२१ | ४.११ |

**२. व्यवस्थापकिय विश्लेषण:**

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण** : समीक्षा अवधिमा वित्तीय संस्थाको कारोवारको बृद्धिसंगै सदस्य सँख्या, लगानीमा रहिरहेको कर्जा बचत कारोवार, आम्दानी र तरलतामा परिवर्तन भएको छ। गत आ.व. को सोही अवधिको तुलनामा समीक्षा अवधिमा ब्याज आम्दानीमा वृद्धि र ब्याज खर्चमा कम हुन गई सञ्चालन मुनाफामा सामान्य वृद्धि भएको छ। समीक्षा अवधिको कर्जा बचत तथा मुनाफाको स्थिति सम्बन्धमा वित्तीय विवरणले प्रष्ट पारेको छ।

(ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणत्मक विवरण** : राष्ट्रियस्तर कार्य क्षेत्र भएको यस वित्तीय संस्थाले हालसम्म२८जिल्लामा८२ बटा शाखाहरु मार्फत आफ्नो कारोवार संचालनगरिरहेको छ। संस्थाले कृषि, पशुपालन तथा लघुउद्यम, साना ब्यवसाय संचालनका लागि विशेष गरी महिलालाई केन्द्रीत गरेर लघुवित्त सेवा उपलब्ध गराउदै आएको छ। समय सापेक्ष ग्राहकको चाहना अनुसार सेवातथा सुविधाहरुमा परिस्कृत गर्दै लैजान ब्यवस्थापन प्रतिवद्ध रहेको छ। लघुवित्तको पहुँचन पुगेको जिल्ला तथा ग्रामीण क्षेत्रमा कार्यक्रम विस्तार गर्न प्राथमिकता दिइनेछ। अगामी अबधिको व्यवसायिक योजनामा व्यवसाय विस्तारको लागि बचत संकलनलाई विशेष प्राथमिकतामा राखिनुको साथै कर्मचारीको उत्पादकत्व बृद्धि गर्न र ग्राहक मैत्री कार्यक्रम संचालनका लागि तालिम कार्यक्रलाई जोड दिईनेछ।

(ग) **विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगदप्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण** :बर्तमान परिस्थितिमा वैक तथा वित्तीय संस्थाहरुले प्रवाह गर्ने थोक कर्जा सापट रकमको ब्याजदरमा केही स्थिरता आएको भएता पनि लघुवित्त वित्तीय बजारमा श्रोतको परनिर्भरता, लघुवित्त क्षेत्रमा देखिएको अस्वस्थ प्रतिस्पर्धा, लघुवित्त वित्तीय संस्था विरुद्धका विभिन्न गतिविधि जस्ता कुराहरुले असर गर्न सक्ने भएता पनि यस्ता घट्नाबाट पर्न सक्ने असरबाट सचेत भई संस्थाले तय गरेको नीतिबाट हाल देखिएका समस्याहरु समयमै समाधानगर्दै लैजाने योजना रहेको छ।

३. **कानूनी कारवाही सम्बन्धीविवरण** :

(क) त्रैमासिक अवधिमा वित्तीय संस्थाले कसैको विरुद्धमा कुनै मुद्दा दायर गरेको छैन र वित्तीय संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए सोको कुनै सूचना प्राप्त भएको छैन।

(ख) वित्तीय संस्थाका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको सम्बन्धमा कुनै जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण** :

(क) दोस्रो बजारमा हुने शेयर सम्बन्धी कारोबारका लागि नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर सूचिकृत गराएको छ।

(ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेबसाईट अनुसार गत त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको शेयरको कारोवार विवरण निम्नअनुसार भएको देखिन्छ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार कुल दिन | कारोबार शेयर संख्या |
|---|---|---|---|---|
| १८०० | १३८६ | १५०० | ५५ | २३०४५१ |

५. **समस्या तथा चुनौती** :

विगत बर्षमा देखिएको कोभिड १९ महामारीको बास्तविक प्रभावको असर, राष्ट्रिय तथा विश्व अर्थतन्त्रमा आएको संकुचन, को कारण सृजित समस्याले ऋणीहरुको व्यावसाय तथा आयआर्जन खुम्चिएकोले लघुवित्त क्षेत्रको असुली तथा मुनाफा आगामी दिनमा अझ बढी प्रभावित हुन सक्ने अनुमान गर्न सकिन्छ। ऋणीहरुको कर्जामा दोहोरोपना/बहुपना र हाल लघुवित्त क्षेत्र विरुद्ध संघर्ष समितिको नामबाट भएका विभिन्न अवान्छित कृयाकलापहरुले गर्दा कर्जा असुलीमा समस्याहरु छन। त्यस्तै लघुवित्त संस्थाहरु विचमा अस्वस्थ प्रतिस्पर्धा,दक्ष जनशक्तिको अभाव, नियमक निकायबाट नीति नियमहरुमा हुने परिवर्तन र उत्पादित वस्तुको बजारको अभाव जस्ता चुनौतिहरु समाना गर्नु परेको छ।

६ **संस्थागत सुशासन** :

(क) नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरुको पालना गर्नुको साथै प्रचलित ऐनहरु : कम्पनी ऐन २०६३, बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०७३, आयकर ऐन २०५८ आदि पालना गरिएको छ।

(ख) संस्थागत सुशासन परिपालनाको लागि वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा सुविधा विनियमावली, आर्थिक प्रशासन विनियमावली, सूचना तथा प्रविधी प्रणाली निर्देशिका, जोखिम ब्यवस्थापन नीति, कर्जा नीति,आन्तरिक लेखा परीक्षण नीति,ग्राहक पहिचान कार्यविधि,लगानी नीति,नगद कारोवार व्यवस्थान निर्देशिका, सम्पति दायित्व ब्यवस्थापन निर्देशिका,कर्मचारी पारिश्रमिकनिर्धारण नीति, कर्मचारी दक्षता अधिवृद्धि सम्वन्धी कार्यविधि, सञ्चालक निर्वाचन निर्देशिका, सञ्चालक शिक्षा कार्यक्रम कार्यविधि, समूह सञ्चालन निर्देशिका, ग्राहक संरक्षण कोष सञ्चालन कार्यविधि, कर्मचारी मोटरसाइकल कर्जा निर्देशिका, कर्मचारी सामाजिक कर्जा कार्यविधि, संस्थागत सामाजिक उत्तरदायित्व कोष सञ्चालन कार्यविधि आदि नीति नियम तथा निर्देशिका बनाई पालना गरिएको छ।

(ग) वित्तीय संस्थाले आफ्नो कारोवारलाई चुस्त, दुरुस्त छिटो छरितो एबं आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन सञ्चालक समिति तहमा लेखापरीक्षण समिति, जोखिम ब्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा र सम्पत्ति शुद्धिकरण अनुगमन समिति गठन गरेको छ।

**७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानी कर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना र जानकारीहरु लुकाईएको छैन।

# स्कलर्स होममा साहित्य अभिमुखीकरण



बुटवल । बुटवल -९ ईटाभट्टीमा अवस्थित स्कलर्स होम बोर्डिङ सेकेण्डरी स्कुलमा मंगलबार फरक विधामा साहित्य अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। यस विद्यालयले हरेक हप्ता केही न केही नयाँ विषयमा विद्यार्थीहरूलाई शिक्षणका अलवा अन्य कार्यक्रममार्फत् उत्प्रेरणा जगाउँदै आएको छ।

वर्तमान अवस्थामा विद्यार्थीहरू केवल मोबाइलमा मात्रै ध्यान दिने भएकाले साहित्यिक कार्यक्रममार्फत् पनि विद्यार्थीहरूलाई यो लतबाट छुटाउन सकिने र आफ्नो कला र गलालाई तिखार्न सकिने ठाउँ यहीँ भएको कुरा कार्यक्रमका अध्यक्ष तथा विद्यालयका प्राचार्य बाबुराम बञ्जाडेले बताएका छन् ।

उक्त कार्यक्रममा प्रा.डा.हिरण्यलाल ज्ञवालीले प्रमुख अतिथिको रूपमा रहेर विद्यार्थीहरूलाई प्रशिक्षण समेत गरेका थिए ।

नेत्रप्रसाद भट्टराईले सञ्चालन गरेको उक्त कार्यक्रममा विद्यालय संयोजक शोभारानी प्रधान, अतिरिक्त क्रियाकलाप प्रमुख मनुकान्त क्षेत्री, सावित्रा पन्थी, रीता न्यौपाने, सिर्जना गौतमलगायतले कार्यक्रममा सहजीकरणको भूमिका निर्वाह गरेका थिए ।

# रोट्र्याक्ट नेपाल-भुटानको डीआरआरमा शर्मा



बुटवल । रोट्र्याक्ट डिस्ट्रिक्ट ३२९२ नेपाल-भुटानको डिस्ट्रिक्ट रोट्र्याक्ट रिप्रिजेन्टेटिभ (डीआरआर) पदमा रुपन्देहीका प्रकाश गैरे शर्मा निर्वाचित भएका छन् । बुटवलमा भएको १७औं राष्ट्रिय सम्मेलनबाट शर्मा निर्वाचित भएका हुन् । निर्वाचन भएको २१ दिनपछि शर्मा निर्वाचित भएको रोटरी इन्टरनेसनलले प्रमाणिकरण गरेको हो । १२ वर्षदेखि रोट्र्याक्ट अभियानमा आबद्ध शर्मा रोट्र्याक्ट क्लब अफ सिद्धार्थनगरको संस्थापक अध्यक्ष हुन् ।

१८ वर्षदेखि ३५ वर्षको उमेर समूहका युवा आबद्ध रोट्र्याक्ट डिस्ट्रिक्ट नेपाल-भुटान नेपालको एक मात्रै क्लब हो । क्लबका देशभर १७० भन्दा बढी शाखाहरू र करिव ७ हजार सदस्य छन् ।

नवनिर्वाचित डीआरआर शर्माले युवाहरुको नेतृत्व विकास, बालबालिकाको शिक्षा, मिडिया साक्षरतार दैवी प्रकोपका क्षेत्रमा काम गर्ने प्रतिबद्धता जनाएका छन् । डीआरआर निर्वाचित शर्माले एक वर्षपछि मात्रै पदाधिकारी र कार्यसमिति मनोनित गर्ने रोट्र्याक्ट डिस्ट्रिक्टको नियम रहेको उनले बताए ।

रूपन्देही सुपरलिगः

# तिलोत्तमा ६ विकेटले पराजित





भैरहवा । इन्द्रजित यादवलको शानदार बलिङ र तुलबहादुर थापाको अविजित अर्धशतकका मद्दतमा भैरहवामा जारी रुपन्देही सुपरलिग क्रिकेट प्रतियोगिताअन्तर्गत 'ए' डिभिजनको मंगलबारको खेलमा तिरुपति क्रिकेट क्लबले सहज जित हात पारेको छ । तिरुपतिले तिलोत्तमा क्रिकेट एकेडेमीमाथि ६ विकेटको जित निकालेको हो ।

जितका लागि तिलोत्तमाले दिएको १ सय ४४ रनको लक्ष्य तिरुपतिले २५ ओभर ३ बलमा ४ विकेटको नोक्सानीमा १ सय ४५ रन बनाउँदै सहजै पूरा गर्यो । उसको जितमा तुलबहादुर थापाले ३९ बलमा ४ चौका र ६ छक्काको मद्दतमा नटआउट ६१ रन बनाए । यस्तै, बसिर अहम्मदले ४७ र सन्दीप मौर्यले २२ रन बनाए । बलिङमा तिलोत्तमाका सागर भण्डारी र आशुतोष पाण्डेले समान १-१ विकेट लिए ।

यसअघि भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको तिलोत्तमाले निर्धारित ३२ ओभरमा ३१ ओभर २ बल खेल्दै अलआउट भई १ सय ४३ रन बनायो । उसका लागि सन्दीप यादवले ५९, कृष्ण कार्कीले ३५ र रोशन घिमिरेले १६ रन बनाए । तिरुपतिका इन्द्रजित यादवले ५ ओभर २ बल बलिङ गर्दै २१ रन खर्चिएर ६ विकेट लिए । यस्तै, बसिर अहम्मदले २ र तुलबहादुर थापाले १ विकेट हात पारे । खेलमा इन्द्रजित यादव प्यलेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे ।

रुपन्देही क्रिकेट संघको आयोजना र सिद्धार्थनगर नगरपालिकाको सहप्रायोजनामा जारी प्रतियोगिताको विजेता टिमले नगद १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, हरेक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले जनही ५ हजार रुपैयाँ पाउने संघका कोषाध्यक्ष तथा खेल संयोजक निरजप्रताप खाँणले जानकारी दिए ।

# खेलक्षेत्र प्राथमिकतामाः मुख्यमन्त्री



दाङ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले तुलसीपुर नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उद्घाटन गरेका छन् ।

अमर माध्यमिक विद्यालय उरहरिमा आयोजना गरिएको रनिङ शिल्डको मुख्यमन्त्री आचार्यले मंगलबार उद्घाटन गरेका हुन् । उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले खेल क्षेत्रको समग्र विकासलाई प्रदेश सरकारले उच्च प्राथमिकतामा राखेको बताए । 'प्रदेश सरकारले खेल क्षेत्रको समग्र विकासलाई उच्च प्राथमिकतामा राखेको छ । खेलका विविध विधाहरु छन् । ति विधाहरुलाई समान रुपमा प्रदेश सरकाले प्राथमिकतामा राखेर कार्यक्रमहरुमा जोड दिएको छ,' उनले भने-'खेल क्षेत्रबाटै देशको नाम चिनाउन सकिएको छ । खेलाडीहरुको आकर्षण बढ्दो छ । सरकारले यो आकर्षणलाई कायम राख्न पूर्वाधार थप गर्ने कुरालाई प्राथमिकतामा राखेको छ भने खेलाडिहरुको क्षमता बढाउने र नियमित प्रतियोगिताको वातावरण तयार पारेको छ ।' मुख्यमन्त्री आचार्यले खेल पूर्वाधार निर्माण, खेलाडीको क्षमता अभिवृद्धि तथा नियमित प्रतियोगिताहरूको आयोजना प्रदेश सरकारका मुख्य प्राथमिकता भित्र पर्ने उल्लेख गरे ।

उनले खेलकुद क्षेत्रले केवल शारीरिक र मानसिक विकास मात्र नभई आर्थिक विकास, पर्यटन प्रवर्द्धन र व्यावसायिक खेलाडी उत्पादनमा समेत ठूलो योगदान पुऱ्याउने विश्वास व्यक्त गरे ।'नेपालमा आयोजना भएका खेल प्रतियोगितामा विदेशबाट पनि मानिसहरु हेर्न आउनु भयो । यसले खेल पर्यटनको सम्भावनालाई जागृत गरेको छ,' उनले भने-'आर्थिक समृद्धिको आधारको रुपमा खेल क्षेत्रलाई सरकारले लिएको छ ।'

खेलकुदले समाजमा एकता र समन्वयको भावना सिर्जना गर्ने महत्त्वपूर्ण भूमिका खेलेको उनले बताए । खेलकुदले युवाहरूलाई अनुशासन, परिश्रम र प्रतिस्पर्धात्मक क्षमताको विकास गर्न मद्दत गरेको समेत उनले जनाए ।

मुख्यमन्त्री आचार्यले खेलकुदलाई पर्यटन प्रवर्द्धनसँग जोडेर स्थानीय तथा अन्तर्राष्ट्रिय स्तरमा आकर्षणको केन्द्र बनाउने योजना अघि सारिएको जानकारी दिए ।

प्रदेश सरकारले स्थानीय खेल प्रतिभाहरूको पहिचान र उनीहरूको उचित व्यवस्थापनका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको बताए ।

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताले स्थानीय स्तरमा खेलकुद संस्कृतिको प्रवर्द्धन गर्दै युवाहरूलाई सकारात्मक गतिविधिमा संलग्न गराउने उद्देश्य लिएको छ । यो प्रतियोगिता खेलाडीहरूको सीप र आत्मविश्वास अभिवृद्धिका लागि महत्वपूर्ण मञ्च बन्ने विश्वास गरिएको छ ।

तुलसीपुर उप-महानगरपालिकाका नगरप्रमुख टिकाराम खड्काको अध्यक्षता तथा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न उद्घाटन कार्यक्रममा जनप्रतिनिधि, शिक्षा प्रेमी, अभिभावक, विद्यार्थी लगायतको सहभागिता थियो ।


## सहिदहरुप्रति सम्मान गरौं

-सहिदहरु राष्ट्रिय गरौव हुन् ।

-सहिदहरुको बलिदान र योगदानको स्मरण गरौं ।

-सहिदहरुप्रति सम्मान र समर्पण व्यक्त गरौं ।

-सहिदहरुको सपना पूरा गर्न इमान्दार नागरिकको भूमिका निर्वाह गरौं ।

-देश प्रेम र एकताको भावना जागृत गराऔं ।

-सामाजिक सद्भाव, सहिष्णुता र एकता कायम राखौं ।

-देश विकासमा सबै नेपालीहरु एकसाथ जुटौं ।

नेपाल सरकार विज्ञापन बोर्ड


## Chandrakot Rural Muncipality
## Office of Rural Muncipal Executive

**Shantipur, Gulmi, Nepal**

## Invitation for Bids for Procurement of works for office of Chandrakot Rural Municipality

First Date of publication: 2025-01-29 (2081-10-16)

1. Chandrakot Rural Muncipality has allocated funds towards the cost of Procurement of works and intends to apply part of the funds to cover eligible payments under the folowing Contracts.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office of Chandrakot Rural Municipality, Shantipur, Gulmi (Phone No. 9857067920) or may visit PPMO website www.bolpatra.gov.np.
3. Bidder shall download the bidding documentsfrom www.bolpatra.gov.np &should deposit the non refundable bid document feeof Nrs 3000 in the Rajaswa Khata as specified below and the scanned copy of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

Name of the Bank: Nepal Bank Limited, Shantipur, Gulmi

Name of Office: Chandrakot Rural Muncipality, Shantipur, Gulmi

Office Account no.: 23503000003000000001 (Dharauti Khata)

Office Account no.: 23503000001001000001 (Rajashwa Khata)

| S.N. | Contract ID | Description of Works | Estimated Amount with vat and PS (NRs.) | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | CRM-GUL-NCB -W-06-2071-82 | Construction of Bal Bikas Aadharbhut School Building | 26,89,884.98/- | 75,000/- | 3,000.00 |

Chief Adminstrative Officer

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

मिति २०७९/०४/१३ गते दर्ता नं. २९४८५१ मा दर्ता भएको टायल्स संसारप्रा.लि.को मिति २०८१/०५/२८ मा सम्पन्न विशेष साधारण सभा तथा कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०५/२८ को निर्णय अनुसार कम्पनीको सम्पुर्ण दायित्व परिवर्तित नामको कम्पनीले सकार्ने गरि उक्त कम्पनीको नाम बाथवेयर संसार प्रा.लि. (Bathware Sansar Pvt. Ltd.) कायम गरिएकोले सोहि व्यहोरा सम्बन्धित सबैको लागी सूचित गरिन्छ ।


आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्

बुटवल सेनेटरी प्रा.लि.

९७४५४०५९७३, ९८०७४०९८५२

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१९५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com